बृहत्तर जनकपुर क्षेत्र पूर्वाधार तथा सांस्कृतिक केन्द्र विकाससम्बन्धी कार्यक्रम हस्तान्तरण तथा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना: बृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै पूर्वाधार विकास, सांस्कृतिक पर्यटन विस्तार तथा स्थानीय समुदायको सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने गरी स्वीकृत भएको वार्षिक कार्यक्रम अन्तर्गत खर्च शीर्षक २२५२२ को क्र.सं. २.७.२५.७८० का विनियोजित वार्षिक कार्यक्रम प्रभावकारी र पारदर्शी किसिमबाट कार्यान्वयन गर्न विनियोजन ऐन, २०८३ को दफा ७ को उपदफा (१) बमोजिम जनकपुरधाम उपमहानगरपालिकाबाट कार्यक्रम कार्यान्वयन गराउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "बृहत्तर जनकपुर क्षेत्र पूर्वाधार तथा सांस्कृतिक केन्द्र विकाससम्बन्धी कार्यक्रम हस्तान्तरण तथा कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ।

(ख) "परिषद्" भन्नाले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधिबमोजिम स्वीकृत पूर्वाधार विकास, सम्पदा संरक्षण तथा सांस्कृतिक प्रवर्द्धनसम्बन्धी कार्यक्रम सम्झनुपर्छ।

(घ) "उपमहानगरपालिका" भन्नाले धनुषा जिल्लास्थित जनकपुरधाम उपमहानगरपालिका सम्झनुपर्छ।

३. <u>उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छ :-

(क) जनकपुर क्षेत्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने,

मा. खड्क राम पौडेल 'गनेस'
मन्त्री

(ख) सांस्कृतिक तथा धार्मिक पर्यटनसम्बन्धी पूर्वाधार विकासमा सहयोग पुऱ्याउने,

(ग) मैथिली भाषा, साहित्य, कला, लोकसंस्कृति, जात्रा तथा पर्वको संरक्षण गर्ने,

(घ) मन्त्रालयमा रहेको बजेट तथा कार्यक्रम उपनगरपालिकामा हस्तान्तरण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

(ङ) स्थानीय समुदायको सहभागिता, रोजगारी तथा आयआर्जनका अवसर अभिवृद्धि गर्ने।

४. <u>बजेट हस्तान्तरण</u> : मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा विनियोजित रकम विनियोजन ऐन, २०८३ को दफा ७ को उपदफा (१) बमोजिम उपमहानगरपालिकालाई हस्तान्तरण गरिनेछ।

५. <u>प्रचलित कानूनको अधीनमा रही कार्यान्वयन गर्नुपर्ने</u> : कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, विनियोजन ऐन, २०८३, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ तथा प्रचलित स्वीकृत नीति, कार्यक्रम र निर्देशनको अधीनमा रही गर्नुपर्नेछ।

६. <u>बजेट खर्च</u> : (१) मन्त्रालयबाट हस्तान्तरण भएको बजेट देहायका कार्यमा खर्च गर्नु पर्नेछ :-

(क) धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण र प्रवर्द्धन,

(ख) सांस्कृतिक पर्यटन, पर्यटक सूचना, प्रचारप्रसार तथा सूचना सामग्री प्रकाशन,

(ग) स्वीकृत योजनाबमोजिम सांस्कृतिक तथा पर्यटन सूचना केन्द्र निर्माण तथा सञ्चालन,

(घ) श्रद्धालु भक्तजन तथा पर्यटकहरूको सुविधाका लागि सुविधासम्पन्न शौचालय, विश्रामस्थल तथा स्वच्छ खानेपानीलगायतका पूर्वाधारका कार्यक्रममा खर्च गर्ने।

७. <u>कार्यक्रम कार्यान्वयनका शर्त</u> : उपमहानगरपालिकाले अनुदान रकम उपयोग गर्दा देहायका शर्तहरूको पालना गर्नुपर्नेछ :-

मा. खडक राज पौडेल 'गनेस'
मन्त्री

(क) जुन कार्यक्रम र उद्देश्यका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही कार्यक्रम र उद्देश्यमा मात्र प्रयोग गर्नुपर्नेछ र अन्यत्र रकमान्तर वा स्रोतान्तर गर्न पाइने छैन,

(ख) खर्च सङ्केत नम्बर २२५२२ बाट प्राप्त रकम तलब, भत्ता, परामर्श सेवा, सवारी साधन खरिद वा कार्यालय सञ्चालन जस्ता प्रशासनिक र चालु प्रकृतिका कार्यमा खर्च गर्न पाइने छैन,

(ग) प्राचीन तथा पुरातात्त्विक महत्त्वका सम्पदासम्बन्धी निर्माण, मर्मत वा सुधार गर्दा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ तथा प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ बमोजिम पुरातत्त्व विभागको पूर्वस्वीकृति लिनु पर्नेछ,

(घ) बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को भौगोलिक क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माण तथा सम्पदा संरक्षणसम्बन्धी कार्य गर्दा दोहोरोपना नहुने गरी उक्त परिषद्सँग समन्वय गर्नु पर्नेछ,

(ङ) यस कार्यविधिबमोजिमको अनुदान रकमबाट चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने कार्यक्रम मात्र सञ्चालन गर्नुपर्नेछ र चालु आर्थिक वर्षभित्र सम्पन्न हुन नसकेका कार्यक्रम वा योजना पूरा गर्ने थप आर्थिक दायित्व मन्त्रालयको हुने छैन।

८. <u>खर्चको लेखा, लेखापरीक्षण तथा प्रतिवेदन</u> : (१) उपमहानगरपालिकाले कार्यक्रमको कार्यान्वयनको लेखा राख्ने तथा प्रचलित कानूनबमोजिम लेखापरीक्षण गराउनुपर्नेछ।

(२) उपमहानगरपालिकाले कार्यक्रम सम्पन्न भएको मितिले तीन महिनाभित्र कार्यक्रमको प्रगति तथा खर्चको विवरण सहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ।

९. <u>बाँकी रकम फिर्ता तथा अनियमित खर्च</u> : (१) कार्यक्रम सम्पन्न भएपछि खर्च नभई बाँकी रहेको रकम उपमहानगरपालिकाले प्रचलित कानूनबमोजिम सम्बन्धित सरकारी कोषमा फिर्ता गर्नुपर्नेछ।

१०. <u>अनुगमन, पारदर्शिता तथा जवाफदेहिता</u> : (१) उपमहानगरपालिका वा परिषद्ले कार्यक्रमको प्रगति, गुणस्तर, बजेट उपयोग तथा उपलब्धिको अनुगमन र मूल्याङ्कन गर्न सक्नेछ।

(२) कार्यक्रम कार्यान्वयन गर्ने निकायले माग गरिएका विवरण तथा कागजात मन्त्रालयमा उपलब्ध गराउनुपर्नेछ।

मा. घडक शाह पौडेल 'गनेस'
मन्त्री

(३) कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता, पारदर्शिता, निष्पक्षता, सहभागिता र जवाफदेहिताको सिद्धान्त पालना गर्नुपर्नेछ।

११. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधिको कार्यान्वयनमा बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१२. <u>प्रचलित कानूनबमोजिम हुने</u>: यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र प्रचलित कानूनबमोजिम हुनेछ।

मा. खडक राज पौंडेल 'गजेस'
मन्त्री

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं